आज मिति २०८३ साल असार महिनाको ४ गते बिहीबारका दिन शिवपुरी गाउँ कार्यपालिकाको आ.व. २०८२/०८३ को चौधौं बैठक गाउँपालिकाका श्रद्धेय अध्यक्ष श्री गोविन्द प्रसाद थपलियाज्यूको अध्यक्षतामा तपसिल बमोजिमको उपस्थितीमा बसी निम्नानुसार निर्णय गरियो ।

<u>उपस्थिति</u>

| क्र.सं. | नाम, थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | गोविन्द प्रसाद थपलिया | अध्यक्ष | |
| २ | विर बहादुर तामाङ | उपाध्यक्ष | |
| ३ | सुकुराम तामाङ | वडा अध्यक्ष | |
| ४ | कुमार तामाङ | वडा अध्यक्ष | |
| ५ | ~~नाती तामाङ~~ फुलमाया तामाङ | का.वा. वडा अध्यक्ष | |
| ६ | चन्द्र बहादुर गुरुङ | वडा अध्यक्ष | |
| ७ | रेशम बहादुर मोक्तान | वडा अध्यक्ष | |
| ८ | विष्णु श्रेष्ठ | वडा अध्यक्ष | |
| ९ | वीर बहादुर तामाङ | वडा अध्यक्ष | |
| १० | केशव प्रसाद रिजाल | वडा अध्यक्ष | |
| ११ | सञ्जीमाया तामाङ | कार्यपालिका सदस्य | |
| १२ | ज्ञानुमाया तामाङ | कार्यपालिका सदस्य | |
| १३ | सावित्री रिजाल | कार्यपालिका सदस्य | |
| १४ | भगवती बुढाथोकी | कार्यपालिका सदस्य | |
| १५ | जानुका खाती सुनार | कार्यपालिका सदस्य | |
| १६ | रिता नेपाली | कार्यपालिका सदस्य | |
| १७ | वद्रिनाथ लम्साल | सदस्य सचिव | |

<u>अन्य उपस्थिति</u>

| क्र.सं. | नाम, थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | | | |
| २ | | | |
| ३ | | | |
| ४ | | | |

बैठक मितिः २०८३/०३/०४

## छलफलका विषय वस्तुहरु

१. समिक्षा सम्बन्धमा ।

२. बजेट सिलिङ सम्बन्धमा ।

३. कर लगाउने वा उठाउने सम्वन्धमा ।

४. विषयगत समितिको वार्षिक प्रतिवेदन स्वीकृत सम्वन्धमा ।

५. आ.व. २०८३/०८४ को वार्षिक नीति तथा कार्यक्रम उपर छलफल सम्बन्धमा।

६. आ.व. २०८२/०८३ को आर्थिक विधेयक उपर छलफल सम्बन्धमा ।

७. आ.व. २०८३/०८४ को बजेट तथा कार्यक्रम सम्बन्धमा ।

८. बजेट व्यवस्थापन सम्बन्धमा ।

९. खानेपानी सरसफाई तथा स्वच्छता योजना (WASH Plan) सम्बन्धमा ।

१०. समिति गठन सम्बन्धमा ।

११. भूमि समस्या समाधान सहजिकरण समिति गठन सम्वन्धमा ।

१२. रणनीतिक कृषि विकास योजना स्वीकृत सम्वन्धमा ।

१३. व्यवस्थापन परिक्षण प्रतिवेदन स्वीकृत सम्बन्धमा ।

१४. विविध ।

CamScanner

## छलफल तथा निर्णयहरु

**निर्णय नं. १ समिक्षा सम्बन्धमा:-** चालु आ.व. २०८२/०८३ को हाल सम्मको आम्दानी, खर्च योजना तथा कार्यक्रमको अवस्था, आन्तरिक आम्दानी, सेवा प्रवाह, कार्मचारी प्रशासन लगायत अन्य विविध विषयमा वृहत समिक्षा गरियो । समग्रमा चालु आ.व.को हाल सम्मको समग्र प्रगती सन्तोष जनक रहेको पाइयो ।

**निर्णय नं. २ बजेट सिलिङ सम्बन्धमा:-** आगामी आर्थिक वर्ष २०८३/०८४ को लागि सङ्घीय सरकार, बागमती प्रदेश सरकार र स्थानीय सरकारको आन्तरिक आम्दानी समेत जम्मा बजेट शिलिङ निम्नानुसार जानकारी एवम् छलफल गरियो ।

तपसिल

| सि.नं. | योजना तथा कार्यक्रम | अंकमा | अक्षरमा |
|---|---|---|---|
| १ | संघिय समानीकरण अनुदान | ८८७००००.०० | आठ करोड सतासी लाख |
| २ | संघिय राजश्व बाँडफाँडबाट प्राप्त हुने | ७९६४६०००.०० | सात करोड छयान्नब्बे लाख छयालिस हजार |
| ३ | संघिय शसर्त अनुदान चालु | २५६४००००.०० | पच्चीस करोड चौसट्ठी लाख |
| ४ | संघिय समपुरक अनुदान | ८५०००००.०० | पचासी लाख |
| ५ | प्रदेश समानीकरण अनुदान | ७५७६०००.०० | पचहत्तर लाख छैहत्तर हजार |
| ६ | प्रदेश राजश्व बाँडफाँडबाट प्राप्त हुने | ३३५१७७१५.०० | तीन करोड पैतीस लाख सत्र हजार सात सय पन्ध्र |
| ७ | प्रदेश शसर्त अनुदान | १६१७८०००.०० | एक करोड एकसट्ठी लाख अठ्हत्तर हजार |
| ८ | प्रदेश समपुरक अनुदान | २४,०००,०००.०० | दुई करोड चालीस लाख |
| ९ | प्रदेश विषेश अनुदान | ७,०००,०००.०० | सतरी लाख |
| १० | आन्तरिक स्रोत | १३८,९६०,९५१.६० | तेह करोड उनान्नब्बे लाख साठी हजार नौ सय एकाउन्न |
| | जम्मा | ६६०,४७८,६६६.६० | छैसट्ठी करोड चार लाख अठ्हत्तर हजार छ सय छैसट्ठी |

**निर्णय नं. ३ कर लगाउने वा उठाउने सम्बन्धमा:** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा (५४) बमोजिम कानून बमोजिम बाहेक गाउँपालिकाले आफ्नो अधिकारक्षेत्र भित्र कुनै कर लगाउन वा उठाउन पाउने छैन भन्ने व्यवस्था बमोजिम शिवपुरी

CamScanner

गाउँपालिकाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले दिएको अधिकारक्षेत्र भन्दा बाहिर गई कुनै पनि प्रकारको कर लगाउने वा उठाउने कार्य नगरिने व्यहोरा स्वःघोषणा गर्ने निर्णय गरियो ।

**निर्णय नं. ४ विषयगत समितिको वार्षिक प्रतिवेदन स्वीकृत सम्बन्धमाः** शिवपुरी गाउँपालिका (कार्य सम्पदान) नियमावली, २०७४ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम गठित तपसिलका समितिहरुको आ.व. २०८२/०८३ को प्रगती प्रतिवेदनमा छलफल भई उक्त प्रतिवेदनहरु स्वीकृत गरी गाउँ सभाको १८औं अधिवेशनको पहिलो वैठकमा प्रास्तुत गर्ने निर्णय गरियो ।

तपसिल

| क्र.सं. | समितिको नाम | प्रतिवेदन प्रस्तुत कर्ता |
|---|---|---|
| १ | विधेयक समिति | बीर बहादुर तामाङ |
| २ | लेखा समिति | प्रकाश तामाङ |
| ३ | विकास तथा सुशासन समिति | अक्कल बहादुर तामाङ |
| ४ | आर्थिक विकास समिति | कुमार तामाङ |
| ५ | सामाजिक विकास समिति | केशव प्रसाद रिजाल |
| ६ | वन वातावरण तथा विपद् व्यवस्थापन समिति | नाति तामाङ |
| ७ | पूर्वाधार विकास समिति | सुकुराम तामाङ |
| ८ | न्यायिक समिति | सावित्री रिजाल |
| ९ | राजस्व परामर्श समितिको प्रतिवेदन | भगवती बुढाथोकी |

**निर्णय नं. ५ आ.व. २०८३/०८४ को वार्षिक नीति तथा कार्यक्रम उपर छलफल सम्बन्धमाः-** गाउँपालिकाको आगामी आ.व. २०८३/०८४ को वार्षिक नीति तथा कार्यक्रमका सम्बन्धमा वृहत छलफल गरी सर्वसम्मत पास गरी २०८३/०३/०५ गते हुने गाउँ सभाको १८औं अधिवेशनमा पेश गर्ने निर्णय गरियो । विवरण अनुसूची-१ मा उल्लेख गरिएको छ ।

**निर्णय नं. ६ आ.व. २०८२/०८३ को आर्थिक विधेयक उपर छलफल सम्बन्धमाः- राजस्व तथा दर निर्धारण सम्बन्धमाः-** गाउँपालिकाको आगामी आ.व. को २०८३/०८४ को लागि राजस्व परामर्श समितिले तयार गरेको आन्तरिक राजस्व तथा सेवा शुल्कका दररेट सहितको शिवपुरी गाउँपालिकाको आर्थिक विधेयक,

२०८३ पास गरि मिति २०८३/०३/०५ गते गाउँ सभाको १८ औं अधिवेशनमा पेश गर्ने निर्णय गरियो । विवरण अनुसूची-२ मा उल्लेख गरिएको छ ।

**निर्णय नं. ७ आ.व. २०८३/०८४ को बजेट तथा कार्यक्रम सम्बन्धमा:-** गाउँपालिकाको आर्थिक वर्ष २०८३/०८४ को लागि तयार गरिएको वार्षिक बजेट तथा कार्यक्रम समावेश गरिएको शिवपुरी गाउँपालिकाको विनियोजन विधेयक, २०८३ का सम्बन्धमा छलफल गरियो । उक्त विधेयक मिति २०८३/०३/०५ गते हुने गाउँ सभाको १८ औं अधिवेशनमा पेश गर्ने निर्णय गरियो । विवरण अनुसूची-३ मा उल्लेख गरिएको छ ।

**निर्णय नं. ८ बजेट व्यवस्थापन सम्बन्धमा:-** यस शिवपुरी गाउँपालिका वडा नं. ५ चालिसे स्थित १० शैयाको शिवपुरी आधारभूत अस्पताल निर्माणका क्रममा जग्गा सम्याउने लार्य गर्दा वरपरका समुदायको घर जग्गाको संरचनामा पुगेको क्षेतिको व्यवस्थापन गर्नका लागि आगामी गाउँ सभाको अधिवेशनबाट बजेट पारित गर्ने गरि रु. ५,००,०००।- (पाँच लाख रुपैयाँ मात्र।) विनियोजन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ९ खानेपानी, सरसफाई तथा स्वच्छता योजना (WASH Plan) सम्बन्धमा:-** गाउँपालिका क्षेत्रभित्रलाई पूर्ण सरसफाई तथा सफा, स्वच्छ र नमूना गाउँपालिका घोषणा गर्नका लागि प्रक्रियागत रुपमा तयार भएको खानेपानी, सरसफाई तथा स्वच्छता योजना (WASH Plan) पास गरी सोही योजना बमोजिम कार्यक्रम तथा योजना अगाडी बढाउने निर्णय गरियो ।

**निर्णय नं. १० समिति गठन सम्बन्धमा:-** गाउँपालिकाले तयार पारेको, सरसफाई तथा स्वच्छता योजना, २०८३ बमोजिम खानेपानी, सरसफाई तथा स्वच्छता सम्बन्धी कार्य गर्न निम्नानुसार पदाधिकारी रहेको गाउँपालिकास्तरीय खानेपानी, सरसफाई तथा स्वच्छता समन्वय समिति (RM-WASH-CC) गठन गर्ने निर्णय गरियो ।

<u>तपसिल</u>

| क्र.सं. | नामथर पद | पद | कैफियत |
|---|---|---|---|
| १ | गाउँपालिकाका अध्यक्ष | संयोजक | |
| २ | गाउँपालिकाका उपाध्यक्ष | सह संयोजक | |
| ३ | प्रमुख प्रशासकीय अधिकृत | सदस्य | |
| ४ | WASH सम्पर्क व्यक्ति | सदस्य | |

CamScanner

| क्र.सं. | नामथर पद | पद | कैफियत |
|---|---|---|---|
| ५ | सबै वडाका वडाअध्यक्षहरु | सदस्य | |
| ६ | भगवती वुढाथोकी | सदस्य | |
| ७ | सञ्जिमायाँ तामाङ | सदस्य | |
| ८ | स्वास्थ्य चौकी/इकाई प्रमुख १/१ जाना | सदस्य | |
| ९ | पदम बहादुर उप्रेती | सदस्य | |
| १० | राम पुडाशैनी | सदस्य | |
| ११ | कविता ढुंगाना | सदस्य | |
| १२ | अक्कल बहादुर तामाङ | सदस्य | |
| १३ | नारायण थापा | सदस्य | |
| १४ | रामेश्वर अधिकारी | सदस्य | |
| १५ | प्रमुख, प्रहरी चौकी शेरावगर | सदस्य | |
| १६ | टोल सुधार समिति प्रतिनिधि १ जाना | सदस्य | |
| १७ | सामुदायिक महिला स्वस्थ्य स्वयंसेविका १ जाना | सदस्य | |
| १८ | रंजित कुमार सिंह | सदस्य सचिव | |

**निर्णय नं. ११ भूमि समस्या समाधान सहजिकरण समिति गठन सम्वन्धमाः-** भूमिहीन दलित, भूमिहीन सुकुम्वासी र अव्यवस्थित बसोवासीको लगत संकलन सम्वन्धी कार्यविधि, २०८३ को नियम ४ को उपनियम (१) बमोजिम भूमिहीन दलित, भूमिहीन सुकुम्वासी र अव्यवस्थित बसोवासीको पहिचान, लगत संकलन, प्रमाणीकरण तथा नाप नक्सा लगायतका कार्यमा सहयोग र सहजिकरण गर्न तपसिल वमोजिमको सहजिकरण समिति गठन गर्ने निर्णय गरियो ।

<u>तपसिल</u>

| क्र.सं. | नाम थर | पद |
|---|---|---|
| १ | श्री गोविन्द प्रसाद थपलिया, गाउँपालिका अध्यक्ष | संयोजक |
| २ | श्री विर बहादुर तामाङ, गाउँपालिका उपाध्यक्ष | उपसंयोजक |
| ३ | श्री सावित्री रिजाल, कार्यपालिका सदस्य | सदस्य |
| ४ | श्री रिता नेपाली, कार्यपालिका सदस्य | सदस्य |
| ५ | श्री नरेन्द्र राज गोतामे, सभापती, राष्ट्रिय स्वतन्त्र पार्टी, शिवपुरी गा.पा. | सदस्य |

CamScanner

| क.सं. | नाम थर | पद |
|---|---|---|
| ६ | श्री कविराज गुरुङ,<br>सभापति, नेपाली काङ्ग्रेस, शिवपुरी गा.पा. | सदस्य |
| ७ | श्री कमल तामाङ,<br>अध्यक्ष, नेपाल कम्युनिष्ट पार्टी, एमाले, शिवपुरी गा.पा. | सदस्य |
| ८ | श्री मिन बहादुर तामाङ,<br>अध्यक्ष, नेपाल कम्युनिष्ट पार्टी, शिवपुरी गा.पा. | सदस्य |
| ९ | श्री सुदर्शन बुढाथोकी,<br>अध्यक्ष, राष्ट्रिय प्रजातन्त्र पार्टी, शिवपुरी गा.पा. | सदस्य |
| १० | श्री बद्रिनाथ लम्साल, प्रमुख प्रशासकीय अधिकृत | सदस्य सचिव |

**निर्णय नं. १२ रणनीतिक कृषि विकास योजना स्वीकृत सम्बन्धमाः-** कार्यालयले तयार गरी कार्यपालिका बैठकमा पेश गरेको रणनीतिक कृषि वकास योजना स्वीकृत गरी कार्यान्वयन गर्ने निर्णय गरियो ।

**निर्णय नं. १३ व्यवस्थापन परिक्षण प्रतिवेदन स्वीकृत सम्बन्धमाः-** ईन्द्रेणी सोलुसंन्स प्रा.लि., कीर्तिपुर, काठमाडौंले पेश गरेको यस कार्यालयको व्यवस्थापन परिक्षण प्रतिवेदन, २०८३ उपर वृहत छलफल गरी उक्त प्रतिवेदन स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं. १४ विविधः-** गाउँपालिकाको प्रभावकारी कार्यसञ्चालनका लागि आगामी दिनमा आवश्यकता अनुसार बैठक वस्ने गरि आजको बैठक सौहार्द पूर्ण वातावरणमा स-धन्यवाद समापन गरियो ।